आठौं बैठक

आज मिति २०७९ साल असार २३ गते बिहिबार बिहान ७:०० बजे आइतबार यस बलेफी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री गंगा बहादुर तामाङ ज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

१. अध्यक्ष श्री गंगा बहादुर तामाङ

२. उपाध्यक्ष श्री सरु लामा तामाङ

३. सदस्य श्री हुप बहादुर खड्का

४. सदस्य श्री छविलाल न्यौपाने

५. सदस्य श्री रितेश तामाङ

६. सदस्य श्री सुर्जे तामाङ

७. सदस्य श्री यादव ठकुरी

८. सदस्य श्री तेज बहादुर पराजुली

९. सदस्य श्री गृविन्द्र कुमार चौंलागाई

१०. सदस्य श्री रमेश कुमार श्रेष्ठ

११. सदस्य श्री ईश्वरी भण्डारी

१२. सदस्य श्री रश्मी तामाङ

१३. सदस्य श्री देवकी भुजेल

१४. सदस्य श्री कविता काफ्ले

१५. सदस्य श्री समिक्षा भुजेल

१६. सदस्य श्री ज्ञाने सुनार

१७. सदस्य - सचिव श्री देवीलाल सापकोटा

आमन्त्रित:-

सुकुलाल तामाङ (कार्यालय सहायक चौथौ)

कुशल अधिकारी (लेखापाल)

प्रस्तावहरु:

१. विपद् व्यवस्थापन सम्बन्धमा ।

२. विविध

निर्णयहरु:

१. बलेफी गाउँपालिकाका सम्पूर्ण वडाहरुमा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी वडामा विपद् व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको पहिचान गरी वडा समितिमार्फत कार्यपालिकाले सिफारिस गरी पठाउने ।साथै विपद् रणनितिक योजना तयार गरी मनसुनजन्य विपद् पूर्वतयारी योजना निर्माण गर्ने ।

२. विविध

- नेपाल सरकारले नेपालका ७५३ वटै स्थानीय तहको लागि प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली Sub-National Treasury Regulatory Application (SUTRA) को सरभर आर्थिक वर्षको अन्तिम दिनहरुमा देशैभरी बढी काम हुने भएकाले डाउन भएर यस गाउँपालिकाबाट हुने भुक्तानी प्रक्रियामा अवरोध भईरहेको विषयमा व्यापक छलफल भयो।सरभर डाउन भएको कारण असार २० गते देखि तोकिएको परिमाणमा खर्च लेख्न नसकिएको अवस्था सिर्जना भएको छ । विनियोजन ऐनले फ्रिज नहुने भनी तोकिएको शीर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था गरेकोले चालु आ.व. २०७८/०७९ को असार २५ गते पछि कार्यालयले SUTRAबाट खर्चको भुक्तानी गर्नसक्ने अवस्था देखिदैन । तसर्थ SUTRA को सरभर डाउन भएर भुक्तानीका लागि पेश भएका फाइलहरुको भुक्तानी कार्य तोकिएको समय भित्र सम्पन्न गर्न नसकिएको अवस्थामा म्यानुअल्ली रुपमा काम गरेर भएपनि असार २५ गते अघि भुक्तानीका लागि प्राप्त भएका कार्यको भुक्तानी गर्न बाँकी रकम भुक्तानीपर्ने ।
- यस गाउँपालिकाको सङ्घीय सशर्त तर्फको चालु आ.व. २०७८/०७९ कोबहु क्षेत्रीय पोषण सुधार कार्यक्रम गर्न विपन्न समुदायका सुनौला हजार दिनकाविपन्न आमाहरु आवद्ध रहेका महिला सहकारी/समूहलाई त्यस्ता सहकारी/समूहका सुनौला हजार दिनका २५ जना आमाहरुलाई पोषण सुधारका लागिआयआर्जनका क्रियाकलाप संचालन गर्न जननी रु २५ हजार रुपैयाका दरले शुरुवाती पूँजी उपलब्ध गराउने

उद्देश्यले त्यस्ता सहकारी संस्था तथा समूह छनौट गर्न यस अघि गरिएको सूचना अनुसार यस कार्यपालिकामा प्राप्त भएका निवेदक सहकारीहरुमध्ये यस गाउँपालिकाको वडा नं. २ मा रहेको मिलिजुली मातृशिशु बचत तथा ऋण सहकारी संस्थालाई छनौट गरी उल्लेखित एकमुस्ट रकम रु ६ लाख २५ हजार उल्लेखित प्रयोजनका लागि सहकारी संस्थाको खातामा नगदै उपलब्ध गराउने।

- सिन्धुपाल्चोक र अन्य जिल्लाबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाका प्रकाशकहरुबाट यस गाउँपालिका र वडाको नामबाट आफुखुसी विभिन्न सूचनाहरु तथा सामाग्रीहरु प्रकाशन तथा प्रशारण गरी सोको भुक्तानी पटक पटक माग गर्ने प्रवृत्ति बढेको विषयमा छलफल भयो। बलेफी गाउँपालिकाको कार्यालय बलेफी सिन्धुपाल्चोकको लिखित आदेश वा कार्यालयसँग भएको सम्झौता विना गाउँपालिकाले भुक्तानी गर्ने दायित्व सिर्जना हुने त्यस्ता सूचना तथा सामाग्रीहरु प्रकाशन तथा प्रशारण नगर्न नगराउनुहुन भनि सम्बन्धि सबैको जानकारीको लागि सूचना प्रकाशन गर्ने र आयन्दा गाउँकार्यपालिकाको लिखित कार्यदिश तथा सम्झौता बेगर प्रकाशन तथा प्रशारण भएका त्यस्ता सूचना तथा सामग्रीहरुको भुक्तानी कसैलाई पनि नगर्न गाउँकार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक लाई निर्देशन दिने ।

कविता